# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, साउन १५ गते, २०७६ साल (संख्या १९

## भाग ३

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना

<u>दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६</u>

<u>प्रस्तावना</u>: दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. दूरसञ्चार नियमावली, २०५४ को नियम १५ मा संशोधनः- दूरसञ्चार नियमावली, २०५४ को नियम १५ को उपनियम (१) को खण्ड (ज) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दूरसञ्चार सेवा अन्तर्गतका फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे बापत लाग्ने महसुलमा बढीमा पचास प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्नेछ"

आज्ञाले,
महेन्द्र मान गुरुङ्ग
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।